सङ्घीय संसद्

प्रतिनिधि सभा, २०८२

दोस्रो अधिवेशन

बैठक सङ्ख्या- ६२ र ६३

सूचनापत्र - २

(बैठकको कारबाहीको संक्षिप्त विवरण)

२०८३ साल असोज १२ गते सोमबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख डोल प्रसाद अर्यालको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमै श्रम संस्कृति पार्टीका माननीय सदस्यहरू आआफ्नो आसन अगाडि उभिइ बोल्न समय माग गर्नुहुँदा सम्माननीय सभामुखले माननीय ध्रुवराज राईलाई समय दिनुहुँदा उहाँले प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम निर्धारित भएको एक महिना दुई दिन बितिसक्दा समेत नभएको, पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको पक्राउ र रिहाइको विषयलाई सदनमा प्रश्न उठाउँदै राज्य संयन्त्रले पक्राउ गर्दा गम्भीर र तथ्यपूर्ण अनुसन्धान हुनुपर्ने उल्लेख गर्नुभयो।

त्यसपछि प्रारम्भ भएको आकस्मिक समयमा निम्नलिखित माननीय सदस्यहरूले हालैका बाढी, पहिरो र डुबानले पुऱ्याएको क्षतिप्रति सरकारको ध्यानाकर्षण गराउँदै विपद्का बेला सरकारको उपस्थिति फितलो रहेको, विपद् व्यवस्थापनका लागि तत्काल कानुन निर्माण गर्नुपर्ने, राहत, सुरक्षित आवास तथा खानपानको व्यवस्था मिलाउनुपर्ने साथै क्षतिग्रस्त संरचनाको पुनःनिर्माणको कार्य थालनी गर्नुपर्ने, पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको पक्राउ र रिहाइ प्रकरणलाई राज्यको गैरकानुनी अभ्यासको रूपमा व्याख्या गर्दै मध्यरातमा बिना कारण पक्राउ गरी छाड्ने सरकारी कदमले लोकतन्त्र र न्याय प्रणालीको उपहास भएको, कानुन कार्यान्वयन गर्दा सरकारले अपनाएको प्रक्रियाले लोकतान्त्रिक संस्कार भत्किरहेको, सरकारले कानुनको आडमा प्रतिशोधको राजनीति गरिरहेको र शक्ति प्रयोग गर्दा पारदर्शिता नअपनाएको, अविरल वर्षाले मनाङको सदरमुकाम चामे क्षेत्रका आधा दर्जन बढी घरहरू बाढीले बगाएको, जनजीवन अस्तव्यस्त बनेको तथा सञ्चार र विद्युत् सेवा अवरुद्ध हुँदा उद्धार कार्यमा कठिनाई भइरहेको एवम् पर्यटकहरू अलपत्र परेको, नारायणी नदीमा आएको उच्च बहावले नवलपुरको जनजीवन अस्तव्यस्त बनाएको, बाढीले नवलपरासीको सुस्ता गाउँसहित विभिन्न क्षेत्र डुबानमा परेर ११ सयभन्दा बढी नागरिक विस्थापित भएको तथा चितवनको भरतपुर महानगरपालिका, इच्छाकामना गाउँपालिका र माडी नगरपालिकाका विभिन्न बस्तीहरू डुबानमा परेकाले सरकारले उद्धार तथा राहतमा तीव्रता दिनुपर्ने, अविरल वर्षाका कारण कालीगण्डकी नदीमा आएको बाढीले बाग्लुङ, म्याग्दी, पर्वत, स्याङजा, गुल्मी, तनँहु र नवलपरासीमा जनधन, पुल, सडक लगायतका संरचनाहरूमा ठूलो क्षति पुऱ्याएको साथै मध्य-पहाडी लोकमार्गअन्तर्गत बाग्लुङमा विभिन्न ठाउँमा पहिरो जाँदा दश वटै पालिकाको सदरमुकामसँग सम्बन्ध-विच्छेद भएको हुँदा सरकारले क्षतिग्रस्त संरचनाहरूको तत्काल पुनःनिर्माण कार्य सुरु गर्नुपर्ने, भोटेकोशी बाढीपश्चात् चीनबाट नेपालतर्फ आउन लागेका कन्टेनरहरूलाई केरुङ नाकाबाट आउने गरेकोमा उक्त नाकाबाट आउने बाटो बाढीले क्षति पुऱ्याएकाले तत्काल तातोपानी नाका खुलाउन कुटनीतिक पहल गर्नुपर्ने, ताप्लेजुङको दोभान बजारमा भएको आगलागीबाट विस्थापित भएका परिवारलाई सरकारले तत्काल राहत र पुनःस्थापनाको व्यवस्था गर्नुपर्ने, अविरल वर्षाका आएको पहिरोले धनुषामा घर पुरिँदा कमला श्रेष्ठको मृत्यु भएको, सम्माननीय प्रधानमन्त्रीले संयुक्त राष्ट्र सङ्घको ८१ औं महासभामा गर्नुभएको सम्बोधनले विश्व मञ्चमा नेपाल र नेपालीको शिर ठाडो बनाएको, अविरल वर्षाका कारण पाल्पामा आएको बाढी र पहिरोमा परी पाँच जनाको मृत्यु भएको, बुटवलको तिनाउ नदीमा आएको बाढीले रुपन्देहीको मजुवा क्षेत्रमा ५ वटा घर बगाएको, केही घरहरू जोखिममा रहेको, लगातारको वर्षाका कारण बर्दियाको गुलरिया नगरपालिकामा २५ वटा घरहरू डुबानमा परेको, ५० हजार हेक्टर जग्गामा लगाइएको धानबालीमा क्षति पुगेकोले सरकारले किसानहरूलाई राहत उपलब्ध गराउनुपर्ने, अविरल वर्षाका कारण दक्षिण ललितपुरका अधिकांश सडकहरू ध्वस्त भएको र सञ्चारमा समस्या रहेको हुँदा सो सम्बन्धमा सरकार र सम्बन्धित निकायले ध्यान दिनुपर्ने लगायतका विषयमा आआफ्नो भनाई राख्नुभयो:-

१. मा० पद्मा कुमारी अर्याल
२. मा० युवराज दुलाल
३. मा० ऐन बहादुर महर
४. मा० सुशील खड्का
५. मा० बलावती शर्मा
६. मा० भरत गिरी
७. मा० सोम शर्मा
८. मा० समिना मिया
९. मा० मनिष खनाल
१०. मा० टेक बहादुर गुरूङ
११. मा० भरत प्रसाद पराजुली
१२. मा० क्षितिज थेवे
१३. मा० टुका भद्रा हमाल
१४. मा० राज किशोर महतो
१५. मा० श्रीराम न्यौपाने
१६. मा० माधव बहादुर थापा
१७. मा० सुलभ खरेल
१८. मा० ठाकुर सिंह थारू
१९. मा० बुद्ध रत्न महर्जन

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० अनुष्का श्रेष्ठ
२. मा० अफ्साना बानु
३. मा० अमृता बि.क.
४. मा० अम्बिका देवी संग्रौला
५. मा० अरबिन्द साह
६. मा० अर्जुन कुमार कार्की
७. मा० अशोक कुमार चौधरी
८. मा० आनन्द बहादुर चन्द
९. मा० आशा झा
१०. मा० आशिष गजुरेल
११. मा० आसिका तामाङ
१२. मा० उत्तम प्रसाद पौडेल
१३. मा० एलिजा गुरुङ
१४. मा० एशुदा कुमारी बराल
१५. मा० कन्हैया बनिया
१६. मा० कमल सुबेदी
१७. मा० करिस्मा कठरिया
१८. मा० कविन्द्र बुर्लाकोटी
१९. मा० कुल भक्त शाक्य
२०. मा० कृपा महर्जन
२१. मा० कृपाराम राना
२२. मा० कृष्ण हरी बुढाथोकी
२३. मा० कोमल ज्ञवाली
२४. मा० क्रान्तिशिखा धिताल
२५. मा० खगेन्द्र कर्ण
२६. मा० खगेन्द्र सुनार
२७. मा० खिमा वि.क.
२८. मा० खुश्बु ओली
२९. मा० खेम राज कोईराला
३०. मा० गजाला शमीम मिकरानी
३१. मा० गणेश कार्की
३२. मा० गणेश धिमाल
३३. मा० गणेश पराजुली
३४. मा० गणेश पौडेल
३५. मा० गणेश बहादुर विश्वकर्मा
३६. मा० गणेश सिंह ठगुन्ना
३७. मा० गोपाल शर्मा
३८. मा० गोविन्द पन्थी
३९. मा० गंगा छन्त्याल
४०. मा० चन्दन कुमार सिंह
४१. मा० चन्देश्वर मण्डल
४२. मा० गुरूप्रसाद बराल

तत्पश्चात् सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रम सङ्ख्यामा सामान्य हेरफेर गरेको बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि माननीय महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सिता बादीले "महिला, बालबालिका, लैङ्गिगक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेस गर्नुभयो।

तदुपरान्त उक्त विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले माननीय महिला, बालबालिका, लैङ्गिक तथा

यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सिता बादीले "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८३" प्रस्तुत गर्नुभयो।

तत्पश्चात् माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेस गर्नुभयो।

त्यसपछि उक्त विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३" प्रस्तुत गर्नुभयो।

तदुपरान्त माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेस गर्नुभयो।

तत्पश्चात् उक्त विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३" प्रस्तुत गर्नुभयो।

त्यसपछि माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेस गर्नुभयो।

तदुपरान्त उक्त विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३" प्रस्तुत गर्नुभयो।

तत्पश्चात् माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेस गर्नुभयो।

त्यसपछि उक्त विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३" प्रस्तुत गर्नुभयो।

तदुपरान्त सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेस गर्नुभयो।

तत्पश्चात् उक्त विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३" प्रस्तुत गर्नुभयो।

त्यसपछि सम्माननीय सभामुखले "हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशुली विपद्सम्बन्धी संसदीय विशेष समिति"को सभापतिको निर्वाचनको लागि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १७६ को उपनियम (१) बमोजिम यहीं असोज १४ गते दिनको २:०० बजेको समय तोकेको बेहोरा जानकारी गराउनुभयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै १५ मिनेटपछि बस्ने गरी दिनको १:१५ बजे स्थगित भयो।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख डोल प्रसाद अर्यालको अध्यक्षतामा दिनको १:४५ बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमा माननीय महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सिता बादीले "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको माननीय महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सिता बादीले जवाफ दिनुभयोः-

१. मा० अफ्साना बानु
२. मा० यज्ञमणि न्यौपाने
३. मा० परशुराम तामाङ
४. मा० टुका भद्रा हमाल
५. मा० अम्बिका देवी संगौला
६. मा० गणेश बहादुर विश्वकर्मा
७. मा० ज्ञानु पौड्याल
८. मा० गुरू प्रसाद बराल
९. मा० सुशीला ढकाल आचार्य
१०. मा० साजिदा खातुन सिद्धिकी
११. मा० लाल विक्रम थापा
१२. मा० बिश्वराज पोखरेल
१३. मा० पार्वती वि.क

तदुपरान्त सम्माननीय सभामुखले "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात् सम्माननीय सभामुखले "महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८३" माथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११२ बमोजिम संशोधनको सूचना दिन चाहनु हुने मा० सदस्यहरूले विधेयक शाखा (प्रतिनिधि सभा), सङ्घीय संसद् सचिवालय, सिंहदरबारमा सूचना दिन सक्नुहुने बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले जवाफ दिनुभयोः-

१. मा० शोभा खनाल
२. मा० जनक सिंह धामी
३. मा० समिना मिया
४. मा० बलावती शर्मा
५. मा० माधव बहादुर थापा
६. मा० राधिका रम्तेल
७. मा० टुका भद्रा हमाल
८. मा० ललिता कुमारी
९. मा० गुरु प्रसाद बराल
१०. मा० रन्जु न्यौपाने
११. मा० सुशीला ढकाल आचार्य
१२. मा० ओजश्वी शेरचन
१३. मा० प्रभा ढकाल
१४. मा० गजाला समीम मिकरानी
१५. मा० साजिदा खातुन सिद्धिकी

तदुपरान्त सम्माननीय सभामुखले "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात् सम्माननीय सभामुखले "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३" माथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११२ बमोजिम संशोधनको सूचना दिन चाहनु हुने मा० सदस्यहरूले विधेयक शाखा (प्रतिनिधि सभा), सङ्घीय संसद् सचिवालय, सिंहदरबारमा सूचना दिन सक्नुहुने बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

तदुपरान्त उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले जवाफ दिनुभयोः-

१. मा० भरत गिरी
२. मा० पुकार बम
३. मा० बलावती शर्मा
४. मा० राधिका रम्तेल
५. मा० समिना मिया
६. मा० रुबिना आचार्य
७. मा० समिक्षा बास्कोटा
८. मा० टुका भद्रा हमाल
९. मा० आकृति अवस्थी
१०. मा० ज्ञानेन्द्र सिंह महता
११. मा० खुश्बु ओली
१२. मा० पुष्पा कुमारी चौधरी
१३. मा० अमृता वि.क
१४. मा० गोविन्द पन्थी
१५. मा० सुम्निमा उदास
१६. मा० साजिदा खातुन सिद्धिकी
१७. मा० सरस्वती लामा
१८. मा० अम्बिका देवी संग्रौला
१९. मा० कुल भक्त शाक्य
२०. मा० रन्जु न्यौपाने
२१. मा० ज्ञानु पौड्याल
२२. मा० प्रेम बहादुर बयक
२३. मा० गणेश कार्की
२४. मा० ओजश्वी शेरचन
२५. मा० रिंगला यादव
२६. मा० गुरुप्रसाद बराल
२७. मा० बदन कुमार भण्डारी
२८. मा० एशुदा कुमारी बराल
२९. मा० भिम कुमारी बुढा मगर
३०. मा० रत्ना कुमारी थापा

यसैबीच माननीय सुम्निमा उदास बोलीसकेपछि माननीय रमेश कुमार सापकोटाले आकस्मिक समय लिएर हुम्लाको सिमकोटका १० जना व्यक्तिहरू जडिबुटी सङ्कलनका लागि लुङ्गी क्षेत्रमा गएकोमा हालसम्म उनीहरूको अवस्था अज्ञात रहेको हुँदा सरकारले सम्पर्क विहिनहरूको स्थान पत्ता लगाई तत्काल उद्धार गर्नुपर्ने भन्नुभयो।

तत्पश्चात् सम्माननीय सभामुखले "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि सम्माननीय सभामुखले "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३" प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११२ बमोजिम संशोधनको सूचना दिन चाहनु हुने मा० सदस्यहरूले विधेयक शाखा (प्रतिनिधि सभा), सङ्घीय संसद् सचिवालय, सिंहदरबारमा सूचना दिन सक्नुहुने बेहोरा जानकारी गराउनुभयो।

तदुपरान्त माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्"" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

तदुपरान्त उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले जवाफ दिनुभयोः-

१. मा० खुश्बु ओली
२. मा० भरत गिरी
३. मा० पुकार बम
४. मा० मञ्जु भुषाल
५. मा० टेक बहादुर शाक्य
६. मा० रमेश कुमार मल्ल
७. मा० करिस्मा कठरिया
८. मा० गणेश कार्की
९. मा० कमल सुवेदी
१०. मा० ज्ञानेन्द्र सिंह महता
११. मा० आशा झा
१२. मा० पार्वती वि.क.
१३. मा० अचुत्तम लामिछाने
१४. मा० टुका भद्रा हमाल
१५. मा० समिना मिया
१६. मा० साजिदा खातुन सिद्धिकी
१७. मा० यज्ञमणि न्यौपाने
१८. मा० प्रभा ढकाल
१९. मा० पुष्पा कुमारी चौधरी
२०. मा० गणेश पौडेल
२१. मा० समिक्षा बास्कोटा
२२. मा० तोसीमा कार्की

२३. मा० गणेश बहादुर विश्वकर्मा
२४. मा० ओजश्वी शेरचन
२५. मा० हरी प्रसाद भुसाल
२६. मा० नरेन्द्र साह कलवार
२७. मा० हरी मोहन भण्डारी
२८. मा० गंगादेवी श्रेष्ठ
२९. मा० मधु कुमार चौलागाई
३०. मा० राजन गौतम
३१. मा० डा० लेखजंग थापा

यसैबीच माननीय टेक बहादुर शाक्य बोलीसकेपछि माननीय गंगादेवी श्रेष्ठले आकस्मिक समय लिएर सामान लिन कोरला नाका जाने क्रममा कन्टेनर चालक मनोज मानन्धरको लेक लागेर स्वास्थ्य अवस्था विग्रेकाले उहाँको हेलिकप्टरबाट उद्धार गरी उपचारको व्यवस्था मिलाउनुपर्ने भन्नुभयो।

तत्पश्चात् सम्माननीय सभामुखले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि सम्माननीय सभामुखले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३" माथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११२ बमोजिम संशोधनको सूचना दिन चाहनु हुने मा० सदस्यहरूले विधेयक शाखा (प्रतिनिधि सभा), सङ्घीय संसद् सचिवालय, सिंहदरबारमा सूचना दिन सक्नुहुने बेहोरा जानकारी गराउनुभयो।

तदन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८३ असोज १३ गते मङ्गलबार बिहान १०:०० बजे बस्ने गरी साँझ ७:०५ बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव